# "नवप्रवर्तन शुरुवाती पूँजी अनुदानका लागि प्रस्ताव आह्वान र छनौट गर्ने मापदण्ड तथा विधि, २०७७"

नवप्रवर्तन शुरुवाती पूँजी अनुदान कार्यविधि, २०७६ को दफा ३ बमोजिम गठित निर्देशक समितिको सोही कार्यविधिको दफा ४ बमोजिमको काम, कर्तव्य र अधिकार अन्तर्गत, खण्ड ४ (क) र (ख) बमोजिमको कार्य गर्न "प्राप्त प्रस्तावको आह्वान र छनौट गर्ने मापदण्ड तथा विधि निर्धारण गर्ने" व्यवस्था भएबमोजिम यो **प्रस्तावको आव्हान र छनौट गर्ने मापदण्ड तथा विधि** निर्माण गरिएको छ।

१. **संक्षिप्त नाम** : यस मापदण्डको नाम "नवप्रवर्तन शुरुवाती पूँजी अनुदानको लागि प्रस्तावको आह्वान र छनौट गर्ने मापदण्ड तथा विधि, २०७७" रहेको छ।

२. **कार्यक्षेत्र** : यस मापदण्डबमोजिम प्रस्तावित नवप्रवर्तनीय कार्यको कार्यक्षेत्र मुलुकभर हुनेछ।

साथै नवप्रर्वतनीय तथा अनुसन्धानसम्बन्धी कार्य देहायका विषयगत कार्यक्षेत्र संग सम्बन्धित हुनेछः

१. सूचना प्रविधि

क. विभिन्न निकायहरु वा क्षेत्रका कामलाई एकीकृत गर्ने मोबाईल एप्स, सफ्टवेयर वा अन्य कुनै सेवा, औजार, उपकरण, हाइटेक डिजिटल प्रविधिको उत्पादन र प्रयोग गर्ने प्रकृतिको कार्य,

ख. भुक्तानी प्रणाली, सूचना प्रविधि, ई-कमर्स, आर्टिफिसियल ईन्टेलिजेन्स आदि।

२. कृषि

क. कृषिको उत्पादन र उत्पादकत्व बढाउने कृषि औजार, मल, विऊ, कृषि उपकरण, मेशिन,

ख. पशुपंछी तथा कृषिजन्य उपजको प्रशोधन, प्रविधि, सुरक्षित भण्डारण, संरक्षण विधि/प्रयोगशाला/उपकरण, रोग र किराको उपचार विधि, बजारीकरण गर्ने उपकरण र मोडल,

ग. वनस्पती, जडीबुटी तथा कृषिजन्य वाली वस्तुको ब्राण्ड प्रवर्धन गर्ने खालका प्रविधि र उपयोगसम्बन्धी।

३. उर्जा

क. उर्जा उत्पादन, उपयोगिताको किफायत एवम् दक्षता र क्षमता बढाउने र सोसंग सम्बन्धित यन्त्र एवम् उपकरण र प्रविधि।

४. स्वास्थ्य

क. मानव स्वास्थ्यसंग सम्बन्धित जिवाणु, विषाणु लगायत अन्य रोगको औषधि र खोपको आविष्कारसम्बन्धी अध्ययन, अनुसन्धान र विस्तार,

ख. मानसिक स्वास्थ्य, योग, आयुर्वेद, प्राकृतिक चिकित्सा र एक्यूप्रेशरका क्षेत्रमा अध्ययन, अनुसन्धान र सेवा

विस्तारमा सहयोग।

नेपाल सरकार
राष्ट्रिय योजना आयोग
सिंहदरबार, काठमाडौं

५. पर्यटन

क. पर्यटकीय र मनोरञ्जन जस्ता सेवाहरूलाई सुरक्षित र प्रभावकारी बनाउने मोडेल, विधि र प्रविधि आदि।

६. शिक्षा

क. शिक्षण सिकाई क्रियाकलापमा प्रयोग हुने विधि, उपकरण, मेसिन, प्रयोगशाला उपकरण, सामग्री आदि।

७. उद्योग

क. दैनिक जीवनमा प्रयोग गरिने घरायसी उपकरण, औजार, सरसामान आदि,

ख. औद्योगिक प्रयोजनका उपकरण, औजार, मेसिन, प्रविधि, ज्ञान आदि,

ग. दैनिक जीवनयापनलाई सरल, सहज, सुरक्षित बनाउन सहयोग गर्ने उपकरण, औजार, मेशिन, सामान।

८. विविध

क. वातावरण संरक्षण र सम्वर्धन, फोहोरमैला व्यवस्थापन, विसर्जन तथा प्रशोधन, स्वच्छ पिउने पानीसंग सम्बन्धित उपकरण, मेशिन, औजार, विद्युत सञ्चय,

ख. यातायात तथा पारवहन सेवा, ट्राफिक व्यवस्थापन जस्ता कार्यलाई सहज र सुरक्षित बनाउने मोडेल, उपकरण, प्रविधि आदि,

ग. विपद् जोखिम व्यवस्थापन र उद्धारसम्बन्धी कार्यसंग सम्बन्धित पूर्व सूचना प्रणाली लगायतका प्रविधि,

घ. स्वःअध्ययन तथा तथ्यमा आधारित अनुसन्धानको माध्यमबाट सार्वजनिक हित वा शासकीय सुधारका लागि वस्तु वा सेवाको उत्पादनसंग सम्बन्धित कार्यहरु।

३. <u>आविष्कारकर्ता/उद्यमी, व्यवसायी/व्यक्ति वा संस्थामा हुनुपर्ने योग्यता तथा शर्तः</u>

(क) योग्यता

१. नवप्रवर्तन शुरुवाती पूँजी अनुदानको लागि प्रस्ताव पेश गर्ने व्यक्ति वा संस्था देहायको कुनै एक हुनेछः

(अ) स्वःअध्ययन तथा अनुसन्धानबाट सार्वजनिक हितका लागि कुनै वस्तु वा सेवाको आविष्कार गर्ने आविष्कारकर्ता व्यक्ति वा संस्था वा

(आ) नवीन ज्ञान, सीप, प्रविधि र क्षमता प्रयोग गरी वस्तु वा सेवा उत्पादन गर्ने लघु, घरेलु, साना तथा मझौला उद्योग, फर्म वा कम्पनी वा

(इ) वाली वस्तुको औद्योगिक प्रयोग गर्ने खालका आधुनिक प्रविधिहरु जसले उत्पादन लागत घटाउन सहयोग गर्ने आविष्कारकर्ता, व्यक्ति वा संस्था।

२. प्रस्तावकले प्रस्ताव गर्ने उद्यम/व्यवसाय सूचना प्रविधि, कृषि, उर्जा, स्वास्थ्य सेवा, पर्यटन, विविध क्षेत्रहरुसँग सम्बन्धित प्रविधि विकास, रोजगारी सिर्जना जस्ता क्षेत्रको लागि नवप्रवर्तनीय कार्य (प्रविधिको माध्यमबाट कम समय, कम लागत, छिटो छरितो, उर्जाको उपयुक्त प्रयोग तथा कम स्रोतको महत्तम उपयोग गरी उच्च गुणस्तरको आविष्कार तथा प्रणालीको विकास गर्ने स्वःउद्यमजन्य कार्य) हुनुपर्नेछ।

३. आविष्कारकर्ता, उद्यमी, व्यवसायी व्यक्ति वा संस्थाले सञ्चालन गरेको/गर्न खोजेको उद्योग वा व्यवसाय विधिवत रुपमा नेपाल सरकारको मान्यता प्राप्त निकायमा दर्ता भएको हुनुपर्नेछ।

४. प्रस्तावित नवप्रवर्तनीय कार्य संस्था (उद्योग, प्राइभेट फर्म, साझेदारी फर्म वा कम्पनी विश्वविद्यालय वा सो अन्तर्गतका संस्था वा विभाग) को विधान वा प्रवन्धपत्र, नियमावलीमा उल्लेखित उद्यम वा व्यवसायको कार्यक्षेत्रसंग सम्बन्धित हुनुपर्नेछ।

५. नवप्रवर्तनीय कार्य सम्पन्न हुने अवधि बढीमा एक वर्ष छ महिनाको हुनेछ।

६. प्रस्तावित नवप्रवर्तनीय कार्यसम्बन्धी मोबाईल एप्स, उत्पादन, उपकरण, औजार, सेवा, सफ्टवेयर आदि नेपालभित्रै बनेको हुनुपर्नेछ।

(ख) शर्त

१. प्रस्ताव पेश गर्दा अनुसूची-१ बमोजिमको फारमसहित आवश्यक कागजात संलग्न राखी अनुसूची-२ बमोजिमको प्रस्ताव तयार गरी राष्ट्रिय योजना आयोगमा पेश गर्नुपर्नेछ।

२. राष्ट्रिय योजना आयोगबाट सूचना गरी प्रस्ताव माग गरिनेछ। प्रस्ताव आयोगको वेवसाईट पोर्टलमा सूचनामा तोकिएको म्यादभित्र पेश गर्नुपर्नेछ।

३. प्रस्तावमा व्यावसायिक योजना अनुसारको सम्बन्धित उद्यमी वा व्यवसायीको स्वःलगानीको अवस्था, नेपाल सरकारबाट अनुदान माग गरेको रकम र अन्य लगानी साझेदारी समेत खुलाउनु पर्नेछ।

४. रीत नपुगेको र सहिछाप नभएको प्रस्ताव उपर कुनै कारवाही गरिने छैन।

५. एक व्यक्ति वा संस्थाले एक मात्र कार्यका लागि प्रस्ताव पेश गर्नुपर्नेछ। एकै व्यक्ति वा संस्थाले दुई वा दुई भन्दा बढी कार्यका लागि प्रस्ताव पेश गरेको पाईएमा सो व्यक्ति वा संस्थाले पेश गरेकामध्ये कुनै एक प्रस्ताव मात्र छनौट प्रयोजनको लागि समावेश गरिनेछ।

६. प्रस्तावित कार्यका लागि उद्यमी वा व्यवसायी, व्यक्ति वा संस्थाले प्रचलित कानून बमोजिम स्थायी लेखा नम्बर लिएको र यस भन्दा पहिले नेपाल सरकारको अन्य कुनै निकायबाट कुनै किसिमको अनुदान प्राप्त नगरेको तथा कालोसूचीमा नपरेको हुनुपर्नेछ।

७. नवप्रवर्तन पूँजी अनुदान माग गर्दा न्यूनतम दश लाखदेखि अधिकतम एक करोडसम्मको कार्यको लागि कुल लागतको बढीमा ५० प्रतिशत रकम माग गर्न सकिनेछ।

८. प्रस्ताव स्वीकृत गर्ने/नगर्ने सम्पूर्ण अधिकार निर्देशक समितिमा रहनेछ। प्रस्ताव सम्बन्धमा विवाद आएमा निर्देशक समितिको निर्णय अन्तिम हुनेछ।

९. नवप्रवर्तन शुरुवाती पूँजी अनुदानसम्बन्धी प्रस्ताव आह्वान, मापदण्ड निर्धारण, प्रस्ताव मूल्याङ्कन, अनुगमन र मूल्याङ्कन सम्बन्धमा हुने कार्यहरू यस मापदण्ड बमोजिम र अन्य कुराहरु नवप्रवर्तन शुरुवाती पूँजी अनुदान कार्यविधि, २०७६ तथा प्रचलित कानून वमोजिम हुनेछ।

४. <u>**प्रस्ताव छनौटका मापदण्डः**</u> नवप्रवर्तन शुरुवाती पूँजी अनुदानसम्बन्धी कार्यविधिको दफा ८(२) मा उल्लेखित आधारका अतिरिक्त देहायका मापदण्डका आधारमा प्रस्ताव मूल्याङ्कन गरिनेछ।

| आधार | मूल्याङ्कन | | | |
|---|---|---|---|---|
| १. वस्तु उत्पादन वा सेवा प्रवाहको प्रक्रियामा समय वा लागत बचत भई मूल्य कम हुने | हुने | ☐ | नहुने | ☐ |
| २. दक्षता र क्षमता वृद्धि भई वस्तु वा सेवाको किफायत एवम् गुणस्तरमा बढोत्तरी हुने वा नहुने, | हुने | ☐ | नहुने | ☐ |
| ३. वस्तु वा सेवामा नवीनता, सिर्जनात्मकता वा आविष्कारजन्य योग्यता | भएको<br>हुने | ☐<br>☐ | नभएको<br>नहुने | ☐<br>☐ |
| ४. परम्परागत सीप वा ज्ञान परिष्कृत | हुने | ☐ | नहुने | ☐ |
| ५. प्रस्तावित नवप्रवर्तनीय कार्यको प्रयोगबाट सार्वजनिक हित अभिवृद्धि | हुने | ☐ | नहुने | ☐ |
| ६. गुणस्तरीय वस्तु वा सेवाहरु उत्पादन गर्न सक्ने सुनिश्चितता | छ | ☐ | छैन | ☐ |
| ७. विद्यमान विश्व बजारमा सफल अभ्यास भैसकेको सीप प्रविधि हो वा अभ्यासको क्रममा रहेको र नयाँ सीप र प्रविधिको प्रयोग हुने हो | प्रयोग भैसकेको हो | ☐ | नयाँ हो | ☐ |
| ८. प्रस्तावित नवप्रवर्तनीय कार्य कार्यान्वयनबाट पर्यावरणीय, वातावरणीय तथा मानवीय जोखिमको सम्भावना | छ | ☐ | छैन | ☐ |
| ९. उक्त जोखिम विश्लेषण गरेको | छ | ☐ | छैन | ☐ |
| १०. जोखिम न्यूनीकरणको सुनिश्चितता | छ | ☐ | छैन | ☐ |
| ११. प्रस्तावित नवप्रवर्तनीय कार्यले रोजगारी प्रवर्धनमा सहयोग | गर्छ | ☐ | गर्दैन | ☐ |
| १२. प्रस्तावित नवप्रवर्तनीय कार्यको अन्यत्र पुनरावृत्ति हुने अवस्था | हुन्छ | ☐ | हुँदैन | ☐ |
| १३. प्रस्तावित कार्यको प्राविधिक सम्भाव्यता र दिगोपना | छ | ☐ | छैन | ☐ |

## ५. विधिः

१. नवप्रवर्तन शुरुवाती पूँजी अनुदान प्रवाहका लागि राष्ट्रिय योजना आयोगले कम्तिमा ३० दिनको म्याद दिई आविष्कारकर्ता, उद्यमी, व्यवसायी व्यक्ति वा संस्थाबाट नवप्रवर्तन शुरुवाती पूँजी अनुदान कार्यविधिको दफा ६ बमोजिम प्रस्ताव आह्वान गर्नेछ।

२. प्रस्ताव मूल्याङ्कन कार्यविधिको दफा ८ बमोजिमको उपसमितिले तोकिएको मापदण्ड भित्र रही रीतपूर्वक पेश भएका प्रस्तावहरू दफा ४ बमोजिमका मापदण्डका आधारमा मूल्याङ्कन गरी प्रस्ताव छनौट गर्नेछ।

३. समितिले छनौट भएका प्रस्तावहरू अनुदान प्रवाहको लागि अर्थ मन्त्रालयमा सिफारिस गर्नेछ।

४. अनुदान रकमको भुक्तानी नवप्रवर्तनीय कार्यको प्रगतिका आधारमा तीन किस्तामा बैंकिङ प्रणालीमार्फत गरिनेछ। पहिलो किस्ता प्रस्ताव छनौट भईसकेपछि स्वीकृत रकमको ३० प्रतिशत, दोस्रो किस्ता पचास प्रतिशत कार्य सम्पन्न भएको भनी सम्बन्धित संस्था वा निकाय वा व्यक्तिबाट सिफारिस प्राप्त प्रतिवेदनका आधारमा ४० प्रतिशत र तेस्रो वा अन्तिम किस्ता वापतको ३० प्रतिशत रकम कार्य सम्पन्न भएपछि भुक्तानी दिइनेछ।

५. पहिलो किस्ता प्रस्ताव छनौट भईसकेपछि र दोस्रो र अन्तिम किस्ता सम्बन्धित मन्त्रालयबाट अनुगमन गरेपश्चात अनुगमन प्रतिवेदनको आधारमा भुक्तानी गरिनेछ। अनुगमन प्रतिवेदन राष्ट्रिय योजना आयोग र अर्थ मन्त्रालयमा अनिवार्य पेश गर्नुपर्नेछ। साथै प्रतिवेदन चौमासिक रुपमा समितिमा समेत पेश गर्नुपर्नेछ ।

**अनुसूची १: प्रस्ताव पेश गर्ने फारम**
**(दफा ३(ख) १ संग सम्बन्धित)**

नेपाल सरकार राष्ट्रिय योजना आयोग सिंहदरबार, काठमाडौं

(१) प्रस्ताव पेश गर्ने संस्थाको हकमा उक्त संस्थाको आधिकारिक प्रतिनिधि/प्रोपराईटरको:
नाम थर: ------------------------------ पद/दर्जा ---------------- मोवाईल नं. --------------------
स्थायी ठेगाना:
प्रदेश: -------------------- जिल्ला: ----------------, गापा/नपा/उपमनपा/मनपा ----------------------
वार्ड नं.: ---------, टोल: ------------------------।
नागरिकता नम्बर: -----------, जारी गरिएको जिल्ला: ------------------ जारी मिति: ----------------
(२) फर्म, कम्पनी वा संस्था वा व्यवसायको पूरा नाम: ------------------------------------------------
संस्थाको कार्यालय रहेको ठेगाना/पत्राचार गर्ने ठेगाना:
प्रदेश: -------------------- जिल्ला: ----------------, गापा/नपा/उपमनपा/मनपा ----------------------
वार्ड नं.: ---------, टोल: -------------------, टेलिफोन नं. -----------------, ईमेल: -----------------
(३) दर्ता गरिएको मिति: -------------------------- दर्ता नम्बर: ------------------------------------------
दर्ता गर्ने निकाय: --------------------------------------------------------------------------------
(४) स्थायी लेखा नम्बर: ---------------------------
(५) यस मापदण्डको दफा दुई अन्तर्गत कुन विषयगत कार्यक्षेत्रसंग सम्बन्धित प्रस्तावना हो उल्लेख गर्ने, ------
(६) प्रस्तावित नवप्रवर्तनीय कार्यको नाम: ---------------------------
(७) नवप्रवर्तनीय कार्य संचालन गरिने प्रदेश: ------------, जिल्ला: ----------, स्थानीय तह: -----------------
(८) नवप्रवर्तनीय कार्य अवधि: -------- महिना *(बढीमा १८ महिना सम्म हुन सक्ने)*
(९) आवश्यक जम्मा रकम (रू): -------------------
(१०) अनुदान माग गरेको रकम (रू.) -------------------------
(११) संस्था वा व्यक्ति आफूले व्यहोर्ने पूँजी रकम (रू.) ------------------
(१२) बैंक खाता विवरण ----------------------------------------------------------------------------
(१३) यस प्रयोजनका लागि अन्य निकायबाट ऋण वा अनुदान लिएको छ वा छैन। छ ☐ छैन ☐
छ भने ऋण वा अनुदान दिने वित्तीय संस्थाको नाम र रकम -----------------------------------------
(१४) प्रस्तावित नवप्रवर्तनीय कार्यबाट नवप्रवर्तन हुने अवस्था: (मिल्नेमा ✓ चिनो लगाउने)
☐ विद्यमान विश्व बजारमा सफल अभ्यास भैसकेको ☐ अभ्यासको क्रममा रहेको
☐ विल्कुलै नयाँ सीप र प्रविधिको प्रयोग
(१५) नवप्रवर्तनीय कार्यमा उपयोग हुने कच्चा पदार्थ:
☐ नेपालमै पाइने ☐ आयात गरिनु पर्ने ☐ सेवामूलक कार्य (कच्चा पदार्थ नचाहिने)
(१६) प्रस्ताव आव्हान फारम संगै संलग्न गरिनुपर्ने कागजातहरु:
(क) नेपाली नागरिकताको प्रतिलिपी,
(ख) राहदानी/मतदाता परिचयपत्र/सवारी चालक अनुमति पत्रको प्रतिलिपि,
(ग) स्थायी लेखा नम्बरको प्रतिलिपी,
(घ) कम्पनी दर्ता/संस्था दर्ता प्रमाण पत्रको प्रतिलिपी,

(ङ) कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी,
(च) संस्था नवीकरण प्रमाण पत्रको प्रतिलिपी,
(छ) मुख्य चोकबाट कार्यसंचालन हुने स्थानसम्म पुग्ने नक्सा।

उत्तर

मुख्य चोकबाट कार्यसंचालन हुने स्थानसम्म पुग्ने नक्सा कोर्ने ।

अनुसूची २ प्रस्तावको विषयवस्तु

(दफा ३(ख) १ संग सम्बन्धित)

अ. प्रस्तावनाको अपेक्षित ढाँचा

१. परिचयः

२. उद्देश्यः

३. अध्ययन, सोध, एवम् आविष्कार विधि औजारः

४. विश्लेषणको आधारः

- आर्थिक, सामाजिक, वातावरणीय, पर्यावरणीय, मानवीय जोखिम विश्लेषण र न्यूनीकरणका उपायः

५. अपेक्षित नतिजा प्रतिफलः

- सार्वजनिक हित
- मानव समुदायको लागि हुने फाईदा

६. सन्दर्भ सामाग्री प्रयोग हुने सामाग्रीः

आ. अध्ययन/सोध/आविष्कार प्रस्तावसंग सम्बन्धित विवरण तथा कागजातहरु

१. अनुमानित लागत, लाभ र स्रोतको सुनिश्चितताः

२. आवश्यक पूर्वाधारको अवस्था (विद्युत, सडक, सञ्चार, खानेपानी, भवन आदि)ः

३. जनशक्ति, सीप र ज्ञानको उपलब्धताः

४. कार्यान्वयन कार्ययोजना र समय तालिकाः

५. अन्य सान्दर्भिक विषयः

**नोटः प्रस्तावना बढीमा दश हजार शब्दसम्म लेख्न सकिनेछ ।**

## स्वःघोषणा

प्रस्तुत विवरण, प्रस्ताव तथा कागजातहरू साँचो हो। म/हामी/यस संस्था कुनैपनि निकायबाट कालो सूचीमा परेको/का छैन/छैनौं। झुठा ठहरेमा कानून बमोजिम सहुँला बुझाँउला भनी प्रमाणित गर्दछु/छौं।

नाम थर :--------------------

पदः--------------------------

मितिः-------------------------

सहीः ------------------------

संस्थाको छाप